# प्रेरणा

आत्मज्ञान प्रचार संघद्वारा प्रकाशित | वर्ष : ३ अङ्क : ११ | भदौ : २०८० | सेप्टेम्बर २०२३


## समयसँग प्रेम गर्नुहुन्छ ?



तपाईं आफ्नो जीवनलाई प्रेम गर्नुहुन्छ या गर्नुहुन्न ? डाक्टरले तपाईंलाई 'अब तिमीसँग एकदमै थोरै मात्र दिन बाँकी छ' भन्यो भने मात्रै आफ्नो जीवनसँग प्रेम गर्नुहुने हो त ! डाक्टरले 'तपाईंलाई यो रोग लाग्यो' भनिदिए भने मानिसहरू भन्न थाल्छन्, 'हे भगवान्, मलाई बचाउनुहोस्।' किनभने, यो जीवनलाई ख्याले गरिएको हुँदैन । 'मेरा घरबेटीले के भन्छन् ! मेरा आफन्तले के भन्छन् ! मेरा छिमेकीले के भन्लान् !' भन्ने कुरामा मात्रै ध्यान गइरहन्छ। उनीहरूका बारेमा एकदमै चिन्ता हुन्छ तर भगवान्ले के भन्छन् भनेर हामीले केही सोचेकै छैनौँ।

> तपाईं थोपा रहेसम्म तपाईंमा एउटा समुद्र छ तर तपाईं समुद्र होइन।

तपाईंको हृदयले के भन्छ ? यसबारेमा तपाईंलाई केही मतलब नै छैन। किनभने, हाम्रो विचारमा हामी भगवान्लाई मनाउन सक्छौं भन्ने छ। तर, जोसँग प्रेम छ र जोसँग प्रेम हुनुपर्छ। जोसँग नाता छ र जोसँग नाता हुनुपर्छ। के यो नाता बनाउनुभएको छ या छैन ? यदि बनाउनुभएको छैन भने तपाईं यो संसारमा खाली हात आउनुभएको थियो अनि तपाईंले यो संसारबाट खाली हात नै फर्कनुपर्नेछ। तपाईंले आफूसँग कुनै पनि चीजलाई लैजान सक्नुहुन्न । मानसम्मानलाई पनि लैजान सक्नुहुन्न।

तपाईं कुन चीजको अंश हुनुहुन्छ! यस कुरालाई बुझ्नु अत्यावश्यक छ । तपाईं एउटा थोपो हुनुहुन्छ तर समुद्र होइन। तपाईं समुद्र बन्ने कोसिस गरिरहनुभएको छ। तपाईं थोपा रहेसम्म तपाईंमा एउटा समुद्र छ तर तपाईं समुद्र होइन। अनि, प्रकृतिका सबै कानुन त्यही थोपोमा लागू हुन पुग्छन्।

दुईओटा कुरा छन्। एक दिन तपाईं आउनुभयो अनि एक दिन तपाईंले जानुपर्ने हुन्छ। त्यसबिचमा जे-जति पनि हुनुपर्ने हो त्यो हुने नै छ। के हुन्छ भन्ने कुराचाहिँ तपाईंमै निर्भर रहन्छ। एउटा ढोकाबाट तपाईं आउनुभयो। यो तपाईंमा निर्भर रहने विषय थिएन। अनि, अर्को ढोकाबाट तपाईंले निस्कनुपर्नेछ र यो विषय पनि तपाईंको नियन्त्रणभन्दा बाहिर छ। यद्यपि, यसबिचमा भइरहेका सबै कुराहरू तपाईंमाथि नै निर्भर रहन्छन्। बितेको कुरा बिती नै सक्यो । समयले त कसैलाई पनि 'बाई-बाई' भनेर बिदा माग्दैन। 'नमस्कार !' पनि भन्ने होइन। समय त आउँछ र बितेर जान्छ। यो बितेको समयका कारण तपाईं दु:खी हुनुहुन्छ कि हुनुहुन्न ? यदि दु:खी हुनुहुन्न भने तपाईंले त्यो समयसँग प्रेम गर्नुभएको थिएन।

## प्रेम रावतद्वारा सम्बोधन

अफ्रिकाका कार्यक्रमहरूको समापनपश्चात् प्रेम रावतले युरोपका ६ देशहरूमा ५ हप्ते लामो भ्रमण गर्नुभयो। जुन २४, २०२३ मा उहाँले इटालीको मिलानमा 'अन्डरस्टचान्डिङ मोर' (थप बुझाइ) शीर्षकको 'फोकस प्रशिक्षण' सत्रबाट युरोप भ्रमणको प्रारम्भ गर्नुभयो। जर्मनी र बेलायतमा पनि ज्ञान प्राप्त व्यक्तिहरूमा केन्द्रित यस्ता विशेष प्रेरणादायी कार्यक्रमहरू सम्पन्न भए। त्यस्तै उहाँले प्रसिद्ध दार्शनिक सुकरातको देश ग्रिसको राजधानी एथेन्समा आफ्नो लोकप्रिय पुस्तक 'हियर योरसेल्फ' को ग्रिक भाषामा प्रकाशित संस्करणको विमोचन समारोहलाई सम्बोधन गर्नुभयो। यसका साथै उहाँले त्यहाँको ब्लुस्काइ टेलिभिजनमा एउटा विशेष अन्तर्वार्ता दिनुभयो। युरोप भ्रमणको यो शृङ्खला डेनमार्कको कोपनहेगनको कार्यक्रम, आयरल्यान्डको डब्लिनमा आयोजित पुस्तक लेखकका रूपमा सम्बोधन गरिएको कार्यक्रम, बेलायतको लिड्स कारागारमा शान्ति शिक्षा कार्यक्रमका सहभागीहरूसँग भेटघाट कार्यक्रम तथा जुलाई ३० मा संयुक्त अधिराज्यको ब्राइटन सहरमा गुरुपूजा विशेष कार्यक्रमलाई सम्बोधन गर्नुभएपश्चात् सम्पन्न भयो। हिन्दी भाषामा प्रस्तुत गर्नुभएको ब्राइटनको यो कार्यक्रम आफ्ना पिता तथा गुरु श्री हंसजी महाराजको देहावसानपछि प्रेम रावतले शान्ति सन्देश र आत्मज्ञानको प्रचार अभियानको जिम्मेवारी सम्हाल्नुभएको ५७ औं वार्षिकोत्सव समारोह पनि थियो।

अगस्त ६ मा बोस्टन सहरको चियापान विशेष समारोहबाट उहाँले उत्तर अमेरिकाको भ्रमण सुरु गर्नुभयो। उक्त स्थानमा उहाँ ५० वर्षपछि पुन: सम्बोधन गर्न पुग्नुभएको थियो। त्यसपछि उहाँले संयुक्त राज्य अमेरिका र क्यानडाका विभिन्न सहरहरूमा भएका 'फोकस विशेष प्रशिक्षण' कार्यक्रमहरू सञ्चालन गर्नुका साथै अन्य केही थप कार्यक्रमहरूलाई सम्बोधन गरेपश्चात् अमेरिकाको भ्रमणलाई बिट मार्नुभयो।

### यसभित्र


गतिविधिहरू

i4joy.com के हो ?

कविता : भित्री शान्ति !

कथा : कोइलाको मोह !

त्यसपछि तपाईंले तपाईंलाई भेट्नुहुनेछ..!

जीवनको अवसर !


व्यक्तिभित्र सन्तुष्टिको भाव हुनुपर्दछ किनभने सन्तुष्टि नै सबैभन्दा ठूलो धन हो। -सुकरात

| कार्यक्रमहरू | कार्यक्रम सङ्ख्या | सहभागीहरू |
|---|---|---|
| सार्वजनिक भिडियो कार्यक्रम | ५,८९० | १,६५,१०६ |
| क्यानोपी कार्यक्रम | ४२१ | ३०,४११ |
| मोबाइल टेन्ट | २१ | ८,२८० |
| सामाजिक सञ्जाल कार्यक्रम | १,०४५ | १६,१३३ |
| पेप कार्यक्रम | २ | २१ |
| जिज्ञासु कार्यक्रम | १,१६० | २,७९६ |
| सुधार केन्द्र कार्यक्रम | १७ | १,८८६ |
| कलेज कार्यक्रम | ३९ | २,७१० |
| कारागार कार्यक्रम | १७ | २,५४६ |
| स्कुल कार्यक्रम | ४९ | ४,१३७ |
| जिल्ला प्रचार बैठक | २० | १७५ |
| जिल्ला प्रचार संयोजक बैठक | २ | ३८ |
| न्युजलेटर बैठक | ७ | ५ |
| सुधार केन्द्र टिम बैठक | २ | ३७ |
| केन्द्रमा प्रचार बैठक | २५४ | ३,००० |
| ए. भी. बैठक | १ | १७ |
| अनलाइन शान्तिको उपहार कार्यक्रम | ८ | ५ |

## प्रचार सम्बन्धी विशेष कार्यक्रम सम्पन्न

श्री प्रेम रावतको शान्ति सन्देश प्रचार कार्यलाई व्यवस्थित, प्रभावकारी र गुणस्तरीय बनाउने उद्देश्यले आत्मज्ञान प्रचार संघद्वारा विशेष कार्यक्रमको आयोजना गरियो । देशका विभिन्न जिल्ला-जिल्लाहरूका पायक पर्ने स्थानमा आयोजित उक्त कार्यक्रमलाई विशेष प्रचार कार्यक्रमका रूपमा सञ्चालन गरिएको थियो । कार्यक्रममा प्रचार कार्यमा सक्रिय ज्ञान प्राप्त व्यक्ति तथा तीन सहायकलाई निमन्त्रणा गरिएको थियो ।

यस क्रममा प्रचार कार्यका लागि आवश्यक आचारसंहिता, जनसम्पर्कबारे सङ्क्षिप्त जानकारी, सार्वजनिक कार्यक्रम निर्देशिका, ज्ञान प्राप्त व्यक्तिहरूका लागि निरन्तर प्रेरणा दिइरहने तथा सम्पर्कमा रहिरहन सहयोग गर्ने विशेष कार्यक्रम तथा विशेष प्रचार कार्यक्रम 'कोसिस' सम्बन्धी स्लाइडलाई छलफलका माध्यमबाट सहजकर्ताद्वारा प्रदर्शन र प्रस्तुत गर्ने गरी व्यवस्थापन गरिएको थियो । कार्यक्रमपश्चात् सहभागीहरूबाट यस्ता प्रकृतिका कार्यक्रमलाई समय-समयमा सबै ज्ञान प्राप्त व्यक्तिहरूमाझ लैजानुपर्ने सुझाव प्राप्त भयो । यस क्रममा आ-आफ्नो केन्द्रले तीन महिनामा गर्न सक्ने प्रचारको सम्भावित योजनालाई प्रस्तुत गरेका थिए ।

साथै उक्त योजनालाई केन्द्रीय कार्यालयमा पेस गरिएको थियो । सन्देशप्रद भिडियोका साथमा प्रस्तुति र छलफलका माध्यमबाट सम्पन्न गरिएको यस कार्यक्रममार्फत विशेषत: प्रचार कार्यमा प्रत्यक्ष सहभागी हुँदा हामीले अपनाउनुपर्ने नियम, तरिका र सहजीकरण सम्बन्धी विषयवस्तुलाई प्रस्ट्याइएको थियो ।

## प्रेरणा कार्यक्रमले बढाएको उत्साह

धेरै लामो समयअघि ज्ञान प्राप्त गरेका व्यक्तिहरूलाई लक्षित गरी मिति २०८० आषाढ १८ गते विशेष कार्यक्रमको आयोजना गरिएको थियो । सामाखुशी केन्द्रमा भएको यस 'प्रेरणा कार्यक्रम' मा १९३ जनाले भाग लिनुभएको थियो । कार्यक्रममा एउटा सन्देशप्रद भिडियो प्रस्तुत गरी ज्ञान प्राप्त व्यक्तिहरूलाई आफ्नो विचार राख्ने मौका दिइएको थियो । ज्ञान प्राप्त व्यक्तिहरूमा देखिएको उत्साहले कार्यक्रमको सफलतालाई इङ्गित गरिरहेको थियो । यस क्रममा सहभागीबाट आफूलाई विशेष माया प्राप्त गरेको भाव व्यक्त भएको थियो । यसका साथै भविष्यमा यस्ता कार्यक्रमहरूलाई जिल्ला-जिल्लामा लैजानुपर्ने सुझावसमेत प्राप्त भएको थियो ।



## जनसम्पर्क तालिम सम्पन्न

कुनै पनि संस्थामा कुशल व्यवस्थापनका साथै जनसम्पर्कको व्यवस्थापन एकसाथ हुनुपर्दछ । जनमानसका बिचमा जाँदा, बोल्दा र व्यवहार गर्दा के-कसरी बोल्ने, कुन कुराहरू कसरी प्रस्तुत गर्नेजस्ता विषयमा सामाखुशी, काठमाडौँमा एक कार्यक्रमको आयोजना गरिएको थियो । २०८० आषाढको ९ गते आयोजना गरिएको यस जनसम्पर्क तालिममा ४२ जनाको सहभागिता रहेको थियो । यस क्रममा मूल कार्यक्रमलाई स्लाइडमा प्रस्तुत गरिएको थियो । कार्यक्रममा प्रमुख प्रस्तोताद्वारा प्रेम रावतको सन्देश प्रचारप्रसारका क्रममा अपनाउनुपर्ने सावधानीहरूलाई औँल्याउँदै सहभागीहरूलाई महत्त्वपूर्ण जानकारीहरू प्रदान गराइएको थियो । कार्यक्रमको उक्त कार्यपत्रलाई जनसम्पर्क सम्बन्धी जानकार प्रस्तोताले प्रस्तुत गर्नुभएको थियो भने कार्यक्रमलाई संस्थाका उपाध्यक्षले समापन गर्नुभएको थियो ।

यस प्रेरणा पत्रिकामा प्रकाशित सामग्रीहरू- 'समयसँग प्रेम गर्नुहुन्छ ?', 'कोइलाको मोह !' कथा, 'त्यसपछि तपाईंले तपाईंलाई भेट्नुहुनेछ..!' र 'जीवनको अवसर !' लेखहरूको विषयवस्तु प्रेम रावतको सन्देशबाट साभार गरी अनुवाद गरिएको हो । उहाँ मानवता र शान्तिका विषयमा चर्चा गर्ने अन्तर्राष्ट्रिय वक्ता हुनुहुन्छ ।

## जानकारी

### i4joy.com के हो ?

प्रेम रावतको सन्देशसँग सम्बन्धित सबै आधिकारिक वेबसाइटहरूको सूचीलाई एउटै वेबसाइटबाट खोल्न मिल्ने गरी तयार पारिएको वेबसाइट नै www.i4joy.com हो । यस वेबसाइटमा प्रेम रावतको सन्देश, भिडियो, इभेन्ट तथा उहाँले गर्नुभएका प्रयासहरूलाई एकसाथ समेटिएको छ । यसका माध्यमबाट उहाँको सन्देशमा रुचि राख्ने सबै मानिसहरूले आवश्यक जानकारी तथा आनन्द लिन सक्छन् । यस वेबसाइटको माथिल्लो भागमा राखिएको www.premrawat.com मा हामीले उहाँको सङ्क्षिप्त परिचय, उहाँद्वारा प्रदान गरिने ज्ञान सम्बन्धी जानकारी, सन्देशसँग सम्बन्धित रहेर बारम्बार सोधिने प्रश्नहरू तथा उहाँलाई पत्राचार गर्न सकिने ठेगाना आदिलाई समावेश गरिएको छ। त्यसै गरी, अर्को महत्त्वपूर्ण वेबसाइट www.timelesstoday.tv लाई राखिएको छ । टाइमलेस टुडेमा प्रेम रावतका लामा तथा छोटा प्रकृतिका सयौं भिडियोहरू राखिएका छन् । यसमा हामीले उहाँको प्रत्यक्ष प्रसारण तथा पुनः प्रसारणहरूलाई हेर्न सक्छौं । यस वेबसाइटमा भएका केही भिडियोहरू विनाशुल्क हेर्न मिल्ने प्रकृतिका छन् भने केही भिडियोहरूलाई सब्सक्रिप्सन खरिद गरेर हेर्न सकिन्छ।

i4joy भित्रको अर्को वेबसाइट www.tprf.org हो। यसमा उहाँद्वारा मानवीय सहयोगका लागि गरिएका विश्वभरका प्रयासहरूलाई जानकारीका रूपमा राखिएको छ। त्यसरी नै अर्को www.youtube.com/PremRawatOfficial/ युट्युब च्यानललाई व्यवस्थित गरिएको छ । यो च्यानलमार्फत उहाँको सन्देशसँग सम्बन्धित भिडियोहरूलाई निःशुल्क रूपमा हेरेर आनन्द लिन सक्छौं। यसबाट प्रचार कार्यमा थप सहायता पुगिरहेको पनि देखिन्छ । यसका साथै उहाँले लेख्नुभएको विश्वपसिद्ध पुस्तक हियर योरसेल्फको लिङ्कलाई पनि व्यवस्थित गरिएको छ । प्रेम रावत एक प्रसिद्ध लेखक पनि हुनुहुन्छ । उहाँको यस विषयको जानकारीलाई यसैभित्रको www.hearyoursefl.com मार्फत जान्न र बुझ्न सकिन्छ।

यस वेबसाइटभित्र उहाँले ज्ञान प्राप्त व्यक्तिहरूलाई प्रेरणा दिने उद्देश्यसहित www.growwithknowledge.com नामक वेबसाइटलाई समावेश गर्नुभएको छ। यस अतिरिक्त उहाँले The Prem Rawat Foundation TPRF युट्युब च्यानललाई पनि राख्नुभएको छ । यसभित्र www.tprf.org सँग सम्बन्धित भिडियोहरूलाई समावेश गरिएको छ । यसका साथै यस वेबसाइटभित्र www.wopg.org, www.intelligentexistence.com तथा www.rajvidyakender.org लाई समेटिएको छ। त्यस्तै गरेर PEAK, Life's Essentials Podcast र RVK Raj Vidya Kender युट्युब च्यानलका लिङ्कहरूलाई पनि राखिएको छ । यस अतिरिक्त उहाँले संसारभरि आफ्नो सन्देशसँग जोडिएका विशेष कार्यक्रम स्थल तथा तिनको सम्पर्क वेबसाइटहरूलाई सम्बन्धित वेबसाइटमै क्लिक गरेर खोल्न मिल्ने गरी पृथ्वीको नक्सामा एकसाथ समेट्नुभएको छ । अतः यो www.i4joy.com ले प्रेम रावत र उहाँको सन्देशलाई एकै वेबसाइटमार्फत व्यापक रूपमा बुझ्न सहज तुल्याएको बोध हुन्छ।

## कविता

### भित्री शान्ति !

आठ अरबका खाली मनमा
शान्ति भर्ने सबै जनमा
जेलमा हुन् या कोही जङमा
शान्ति भर्छन् सबका मनमा ।
आत्मा सबको समान बुझी
विश्वशान्ति कर्म जुटी
हृदयको प्रेमले गुथेर
प्रेम भावमा एक्लै उठेर।
शान्ति ज्ञान भर्छन् आत्मज्ञानी
जुट्छ संसार हृदय एक मानी
आफैंभित्र हुन्छ ज्ञान खानी
भित्री सच्चा ज्ञानलाई जानी ।
शब्द होइन अनुभवी ज्ञान
हृदयमा आनन्दको धाम
आठ अरबका खाली मनमा
शान्ति भर्ने सबै जनमा ।

-केन्द्रप्रसाद भट्टराई
मेची नगरपालिका-६, काँकरभिटा

## कथा

### कोइलाको मोह !

एक जना मानिस थिए । उनी खाना पकाउने काम गर्थे । बिहान-बिहानै उठेर उनी दाउरा जम्मा गर्थे । उनीसँग एउटा भाँडो थियो। त्यसमा उनले बेलुका आगोको कोइला राख्ने गर्थे। त्यसबाट कोइला निकालेर आगो जोर्ने काम गर्थे। एक दिन उनी सबेरै चार बजेतिर उठे। नुहाइधुवाइ सकेपछि बाहिर गएर त्यो भाँडोमा हेर्दा हिजो साँझ राखेको कोइला त सबै निभिसकेको रहेछ। कोइला निभेपछि अब उनलाई आगो सल्काउन बलेको कोइलाको अभाव खट्कियो। बाहिर अँध्यारो थियो। त्यसपछि उनले लालटिन बाले अनि छिमेकीको घरमा गए। सबै सुतिरहेका थिए। उनले ढोका ढक्ढक्याए। त्यसपछि एक जना मानिस ढोका खोलेर बाहिर निस्किए अनि सोधे, 'किन, के भयो र ?'

उनले भने, 'के तपाईंसँग ननिभेको कोइला छ ?' छिमेकीले भने, 'तपाईंलाई किन ननिभेको कोइला चाहियो र !'

उनले भने, 'हजुर ! मैले आगो बाल्नुपर्ने छ। यदि तपाईंसँग ननिभेको कोइला छ भने मलाई दिनुहोस्।'

त्यसपछि छिमेकीले सोधे, 'के तपाईंसँग आगो बाल्ने कुनै साधन नै नभएको हो र !'

उनले भने, 'अहँ ! छैन । म सधैं झर्झराउँदो कोइलाबाटै आगो बाल्ने गर्छु। मलाई त्यही चीज चाहिएको छ।'

छिमेकीले भन्छन्, 'अरे मूर्ख ! यदि पूरै जीवनभरि तपाईंले कोइलाबाटै आगो सल्काउने गर्नुभइरहेको भए पनि तपाईंले यो लालटिनचाहिँ कसरी बाल्नुभयो ?'

उनले भने, 'हजुर ! मसँग सलाई छ। त्यसबाटै बालेको हुँ।'

त्यसपश्चात् छिमेकीले भन्छन्, 'के तपाईंले त्यही सलाईबाट आफ्नो अँगेनामा आगो बाल्न सक्नुहुन्नथ्यो र ! के तपाईंलाई कोइला नै चाहिनुपर्ने ? कस्तो अचम्म ?!'

हामी पनि त्यस्तै गर्छौं । हामी थरीथरीका धारणा बनाएर हिँड्छौं । कुनै चीजको आवश्यकता पऱ्यो भने हामी आफूले बनाएको धारणातिरै मोडिन पुग्छौं।

जहाँ प्रेम छ, त्यहाँ जीवन छ । -महात्मा गान्धी

## त्यसपछि तपाईंले तपाईंलाई भेट्नुहुनेछ....!

हरेक दिन मानिसले आफ्नो समस्याबाट छुटकारा पाउने कोसिस गरिरहन्छ। बिहान उठ्नासाथ उसले त्यसैका बारेमा चिन्ता गर्छ। भगवान्को चिन्तन त पछाडिको कुरा भयो। सबैभन्दा पहिला, 'के गर्नु छ ? यस्तो गर्नु छ, त्यस्तो गर्नु छ।' अर्थात्, कसैको घरमा विवाह छ भने सारा तयारी भइरहेको हुन्छ। 'त्यो गर्नुपर्छ। यस्तो गर्नुहुँदैन। यस्तो भएन। त्यस्तो भएन।' तिनै समस्याहरूको समाधानतर्फ ध्यान मोडिन्छ।

संसारका ठूला-ठूला मानिसहरू पनि आफ्नो समस्याका बारेमा चिन्ता गर्छन्। आफ्नो छाक टार्ने समस्यामा ग्रसित मानिसले के कुराको चिन्ता गर्छ ? भोक लागेपछि त खाने कुरा कहाँ पाइन्छ भन्ने चिन्ता हुने नै हो। उसको ध्यान पनि आफ्नै समस्यामा केन्द्रित हुन्छ।

समस्याले हाम्रो अमूल्य समयलाई खाइदिन्छ। कतिपयले 'यी समस्यालाई भगवान्ले बनाएका हुन्!' भनेर ईश्वरमाथि दोष थोपर्छन्। तथापि, खुशीको खबरचाहिँ के हो भने जुन समस्याबाट तपाईं मुक्त हुने प्रयत्न गरिरहनुभएको छ त्यसलाई भगवान्ले बनाएका होइनन्। त्यो मानिसले नै बनाएको समस्या हो। यो खुशीको खबर हो। यदि यही कुरा भगवान्ले बनाएका हुँदा हुन् त यसलाई बदल्न साँच्चै समस्या हुन्थ्यो। यो मानिसले बनाएको समस्या भएका कारणले त्यो समस्या फेरिन सक्छ।

> म तपाईंलाई तपाईंसँगै भेट गराइदिन सक्छु। त्यसपश्चात् तपाईंले 'मलाई जीवन जिउने अवसर प्राप्त भएको छ' भनेर बुझ्न सक्नुहुनेछ।

तपाईं को हुनुहुन्छ ? तपाईंले यस कुरालाई पूर्ण रूपमा नबुझेसम्म तपाईंको जीवनमा आनन्द आउन सक्दैन। मानिसलाई 'शान्ति के हो' भन्ने कुरै थाहा छैन। यसको मुख्य कारण नै उसले 'मेरो समस्या हल भएमा आफूले शान्ति पाउन सक्छु' भन्ने ठान्छ। जागिर नपाएर तड्पिएका मानिससँग 'शान्ति के हो' भनेर सोधेमा उनले भन्नेछन्- 'मैले जागिर पाएँ भने मलाई शान्ति प्राप्त हुनेछ।' यसर्थ म तपाईंलाई तपाईंसँगै भेट गराइदिन सक्छु। त्यसपश्चात् तपाईंले 'मलाई जीवन जिउने अवसर प्राप्त भएको छ' भनेर बुझ्न सक्नुहुनेछ। यो अवसर अन्य कुराका लागि पाइएकै होइन। केवल जिउनका लागि यो मौका पाइएको छ। यदि तपाईंले आफ्नो जीवनमा शान्तिलाई अपनाउनुभयो, शान्तिको अनुभूति गर्नुभयो भने तपाईंको जीवनमा हरियाली छाउनेछ। यसको अर्थ यो जीवनमा समस्याहरू आउँदैनन् भन्ने होइन। समस्याहरू त आइरहनेछन् तर तपाईंसँग ती समस्याबाट उम्कने बाटो हुनेछ।

मेरो मुख्य उद्देश्य नै जस्तोसुकै परिस्थितिमा रहेका हरेक मानिसमा शान्ति सम्भव तुल्याउनु हो। यदि तपाईंको जीवनमा दुःखको पहाड नै ठडिएको छ भने पनि कमसेकम आजीवन कारावासको सजाय पाएका मानिसका बारेमा सोच्नुहोस्। त्यहाँको कैदीले त्यो जेलबाट छुटकारा पाउनुको अर्थ नै यो संसारबाट बिदा लिनु हो। उसले बिताउनुपर्ने प्रत्येक दिन आशाहीन हुन्छ। तथापि, त्यस स्थानमा पनि शान्ति सन्देश सम्भव हुन्छ र तिनको जीवनमा पनि शान्ति सम्भव छ।

सबैभन्दा ठूलो कुरा आजको दिनमा जिउनु हो। आज सृष्टिकर्ताले दिएको चीज भोलिमा हुने होइन, त्यो आज नै छ तर हामी यही कुरालाई भुल्छौं। हामी सानो छँदा आजमै जिउँथ्यौं। भोलिका सम्बन्धमा हामीलाई थाहासम्म पनि थिएन।

> तपाईंले आफूलाई एक्लो महसुस गर्नुभएको समयमा पनि संसारलाई सञ्चालन गर्ने शक्ति तपाईंभित्र विराजमान हुन्छन्। तपाईं तिनलाई बिर्सनुहुन्छ तर उनले तपाईंलाई कहिल्यै बिर्सँदैनन्।

तपाईंभित्र सुख छ। सुखी हुनको अर्थ तपाईंसँग कार हुनुपर्छ भन्ने होइन। तपाईंसँग पैसैपैसा हुनुपर्छ भन्ने पनि होइन। यो दुनियाँले बनाएको खुशीको सूत्र पनि केवल आफ्नो लागि बनाइएको हो। त्यो तपाईंका लागि बनाइएको होइन। यसको अर्थ मैले तपाईंहरू सफल हुनुहुँदैन भनिरहेको छैन। अवश्य पनि हुनुपर्छ तथापि तपाईं सफल हुनका लागि तपाईंले पनि सफलता के हो भन्ने कुरा थाहा पाउनुपर्छ। त्यसपछि तपाईंले पहिलादेखि नै आफैंसँग रहेको सफलतालाई पनि चिन्नुहुनेछ। वास्तवमा यो श्वासको आवागमन नै तपाईंको प्रमुख सफलता हो।

शान्तिलाई निर्माण गरिरहनुपर्दैन। शान्तिको अर्थ मानिसहरूले युद्ध गर्न बन्द गर्नु पनि होइन। शान्ति त तपाईंको हृदयमा छ। तपाईंले आफूलाई एक्लो महसुस गर्नुभएको समयमा पनि संसारलाई सञ्चालन गर्ने शक्ति तपाईंभित्र विराजमान हुन्छन्। तपाईं तिनलाई बिर्सनुहुन्छ तर उनले तपाईंलाई कहिल्यै बिर्सँदैनन्। यो श्वासको आवागमन भएसम्म उनले तपाईंलाई बिर्सने छैनन्। अतः तपाईं आफ्नो जीवनमा त्यो शान्तिको अनुभव गर्नुहोस्। आज के हो भनेर यसबारेमा बुझ्नुहोस्। यसलाई बुझेर आफूले आफूलाई चिन्नुहोस्।

### जीवनको अवसर !

यो अवसर छ नि...यो तपाईंका लागि प्राप्त भएको अवसर हो। पहिला अरू कसैको थियो। तब तपाईं हुनुहुन्न थियो। पछि अरूले पनि अवसर पाउलान्। त्यतिखेर तपाईं रहनुहुन्न। यस पटक तपाईंकै पालो आएको छ। यो तपाईंको समय हो। के अरूले जीवन सफल पारे ? थाहा छैन। के अरूले जीवन सफल बनाउलान् ? त्यो पनि थाहा छैन। तपाईंले नै सफल बनाउनुपर्छ। यो जीवनलाई बचाउनुपर्छ।

-प्रेम रावत
८ नोभेम्बर, २०००
काठमाडौं, नेपाल

**आत्मज्ञान प्रचार संघ**

सामाखुशी, काठमाडौं, फोन नं. : ०१-४९५२९१२/४९५२९८०, हेल्पलाइन नं. : ०१-५९०१७६५ इमेल : agps@mos.com.np

प्रचार विभाग : ९८४३१६५०११, लेखा विभाग : ९८४७३६४४८७, व्यवस्थापन विभाग : ९८४०००६२४५